# सि–आस्बा प्रणाली अनिवार्य रुपमा लागू गरिएको सम्बन्धमा
# अत्यन्त जरुरी सूचना

नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ मार्फत ASBA(Application Supported By Blocked Amount) प्रणाली लागु गरिएको सन्दर्भमा सो प्रणालीलाई थप व्यवस्थित, सर्वसुलभ र चुस्त पार्ने उद्देस्यले यस लि. ले Centralized Application for ASBA based Issuance (C-ASBA) नामक प्रणाली निर्माण गरि सो संचालन गर्न **धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४** तयार गरिएको र उक्त निर्देशिका नेपाल धितोपत्र बोर्डबाट स्विकृत गरी कार्यन्वयनका लागि निर्देशन दिईएकोमा यस लि. को संचालक समितिको निर्णयानुसार यसै सुचना प्रथम पटक प्रकाशित भएको मितिबाट पूर्ण रुपमा लागू गरिएको व्यहोरा सम्पूर्ण बैंक तथा वित्तीय संस्था, निष्काशनकर्ता, निष्काशन तथा बिक्रि प्रबन्धक, लगानीकर्ताहरु तथा सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारी गराईन्छ ।

यस सि-आस्बा प्रणालीको प्रयोगले धितोपत्रको खरिद आबेदकको हितग्राहि खाता आवेदन पूर्व नै रुजु हुने हुँदा कुनैपनि आबेदक हितग्राहि खाता नमिलेको कारणले बाँडफाँडबाट बन्चित हुनु नपर्ने, सि-आस्बामा एक पटक दर्ता भैसकेका लगानिकर्ताले **मेरो शेयर** सेवा मार्फत घरमै बसेर इन्टरनेटको माध्यमबाट खरिद आबेदन दिन सकिने तथा सम्पूर्ण बैंक तथा बित्तीय संस्थामा प्राप्त भएका आबेदन सम्बन्धी विवरण निष्काशन तथा विक्री प्रबन्धकलाई सफ्ट्वेयर मार्फत् सोझै प्राप्त हुने हुँदा निष्काशन बन्द भएको छोटो समयमा नै बाँडफाँड प्रक्रिया संचालन गर्न सकिने ब्यबस्था गरिएको व्यहोरा जानकारी गराईन्छ । हालसम्म २५ वटा बैंक तथा वित्तीय संस्थाहरु यस प्रणालीमा आबद्ध भै सेवा संचालन गरिसकेको व्यहोरा जानकारी गराउँदै अन्य सम्पूर्ण अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु तथा सुचिकृत निष्कासन तथा बिक्रि प्रबन्धकहरुलाई सि-आस्बा संचालनका लागि यस लि मा यथाशिघ्र सम्पर्क राख्नुहुन अनुरोध छ । साथै, सम्पूर्ण लगानीकर्ता महानुभावहरुलाई आफ्नो खाता रहेको बैंक मार्फत् सि-आस्बामा दर्ता भै सि-आस्बा रजिस्ट्रेशन नम्बर(CRN) लिनुहुन समेत अनुरोध गरिन्छ ।

यस प्रणालीमा आबद्ध भएका बैंक तथा बित्तीय संस्थाको सूचि र **धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४** यस लि. को वेभसाइट www.cdsc.com.np मा प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

**सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि)**
**शेयर मार्केटस् कमर्सियल कम्पलेक्स, चौथो तल्ला**
**पुतलीसडक, काठमाडौं**
**सम्पर्क नं.: ०१–४२३८००८, ४२१६०६८, ४२४०१५०**